## पाँचौ बैठक

आज मिति २०८२।०८।२४ गते बुधबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री वावुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगदिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. नगरसभाको मिति तोक्ने सम्बन्धमा
३. सूचना प्रविधि अधिकृत परिचालन कार्यविधी सम्बन्धमा ।
४. स्वास्थ्य संस्थाको एम्बुलेन्स संचालन सम्बन्धमा ।
५. संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- प्रदेश विशेष अनुदान अन्तर्गत विभिन्न विद्यालय घेराबार तथा मर्मत कार्यको लागि १७ औं नगरसभाबाट स्वीकृत रु. १८,००,०००। बजेटबाट विद्यालय घेराबार तथा मर्मत कार्यको लागि तपसिल बमोजिमका विद्यालयहरुमा प्राविधिक निरीक्षण गरी लागत अनुमान तयार गर्ने र आगामी बैठकमा बजेट विनियोजन गर्ने निर्णय भएकोमा अझै लागत अनुमान तयार नभै सकेकोले अर्को बैठकमा निर्णय गर्ने निर्णय गरियो ।
- संघीय विशेष अनुदान अन्तर्गत प्राप्त बजेटबाट विभिन्न खानेपानी योजना सुधार विस्तारका योजनाहरुको तत्काल लागत अनुमान तयार गरी ठेक्का प्रक्रिया अगाडी बढाउने भनिएकोमा लागत अनुमान तयारीको रहेको जानकारी प्राप्त भयो ।
- भूमिकास्थान नगरपालिकाबाट संचालित कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यक्रम अन्तर्गत नगरपालिकाका विभिन्न बाँझो जग्गा क्षेत्रहरुमा उत्पादित कृषिजन्य वस्तुको अनुमोदन गर्ने निर्णय भए बमोजिम बिक्री भै रहेको ।
- भूमिकास्थान नगरपालिकाका विभिन्न स्थानबाट ढुंगा गिट्टी बालुवा संकलन तथा बिक्री वितरणको लागि र पशुचौपायाको व्यवसायिक कारोबारको लागि पटक पटक सूचना प्रकाशन गर्दा समेत कुनै ठेक्का नपरेकोले उक्त कार्य अमानत प्रक्रियाबाट अगाडी बढाउने निर्णय भए बमोजिम कार्य भै रहेको ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको नगरसभाको १८ औं अधिवेशन मिति २०८२ पौष ९ गते बुधवार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमबाट प्राप्त स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन कार्यविधी, २०८२ को परिच्छेद ३ दफा ५ को उपदफा (२) बमोजिम सूचना प्रविधी अधिकृत सातौ तहको अस्थायी दरबन्दी स्वीकृत गर्ने र हाल यस नगरपालिकाको कार्यालयमा छैठौ तहमा कार्यरत सूचना प्रविधि अधिकृत श्री चिरन्जिवी भूसाललाई करार सम्झौताको म्याद थप गर्दा सूचना प्रविधि अधिकृत सातौ तहमा करार सम्झौता गराई कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थामा रहेका एम्बुलेन्सहरुको प्रभावकारी संचालनको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति बनाउने निर्णय गरियो ।

संयोजक : नगर उपप्रमुख श्री बालकृष्ण बन्जाडे,
सदस्य : वडा अध्यक्ष श्री खगेश्वर पन्थी,
सदस्य : वडा अध्यक्ष श्री प्रेमनारायण वेल्वासे,
सदस्य : वडा अध्यक्ष श्री गोपाल प्रसाद खनाल,
सदस्य : स.लेखा अधिकृत श्री सुनिल पोखेल,
सदस्य : जिन्सी शाखा प्रमुख श्री अशोक खनाल,
सदस्य : स्वास्थ्य शाखा प्रमुख श्री सुरेश गैरे

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन २०८१ लाई स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, लुम्बिनी प्रदेश, दाङमा पठाउने निर्णय गरियो ।

CamScanner